आज मिति २०७८ साल माघ २० गते बिहिबार विहान ०८ बजे देखि यस मनहरी गाउँपालिकाको आठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

| | | |
|---|---|---|
| १. श्री अमिर दाहाल | सहायकस्तर पाँचौं | प्रशासन शाखा |

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडिया, मकवानपुर
वागमती प्रदेश, नेपाल

**मिति २०७८।१०।२० गतेको कार्यपालिका बैठकको लागि प्रस्तावहरु**

१. विगतको निर्णयको समीक्षा सम्बन्धमा ।

२. वाल उद्यान निर्माण गर्ने सम्वन्धमा ।

३. एम. आई. एस. अप्रेटरहरुको सेवा अवधि थप गरि निरन्तरता दिने सम्बन्धमा ।

४. ढुङ्गा, गिट्टी, वालुवा ठेक्कामा परेको २०७८-CP-०५९४ मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा ।

५. छानविन प्रतिवेदन पेश गर्ने र थप अध्ययन गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०९/२७ गते बसेको सातौ गाउँ कार्यपालिका वैठकले गरेका निर्णयहरु कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णय कार्यान्वयन भइसकेको र निर्णय नं. ३ अनुसार कर्मचारीहरुलाई मासिक रुपमा उपलब्ध गराउने प्रोत्साहन भत्ताको कानूनको मस्यौदा तयार गर्न दिएको म्याद भित्र प्रतिवेदन प्राप्त नभएकाले अविलम्व पेश गर्न लगाउने । निर्णय नं. १७ (ख)मा वालमैत्री सहजकर्ताहरुको सेवा अवधि निरन्तरता नगर्ने सम्वन्धमा ३ जना सदस्यहरुले असहमति जनाएको विषयका सन्दर्भमा देहाय बमोजिम गर्ने ।

गाउँपालिकाको मूल आम्दानीको श्रोतको रुपमा रहेको ढुंगा गिट्टी वालुवाको राजश्व लक्ष्य अनुसार संकलन हुन नसकि अति न्यून रुपमा संकलन भएको र श्रोत अभावका कारण गाउँपालिकाले विनियोजन गरेका योजनाहरुमा समेत प्रतिकुल आर्थिक असरको संवेदनशिलतालाई मनन गरी वालमैत्री घोषणा कार्यमा सहजिकणका लागि राखिएका ती स्वयम सेवकहरुलाई विदाई गर्ने निर्णय गरिएको । आन्तरिक श्रोत अभावका कारण ठूला पुल तथा संरचनाको निर्माण कार्यको रकम अभावका कारण भुक्तानी दिन बाधा परेको, योजना तथा अत्यावश्यक खर्चहरु समेत कटौति गर्नुपर्ने गंभिर अवस्था श्रृजना भएको र वालमैत्री कार्यक्रमको विविधिकरण गरी प्रभावकारी रुपमा कार्यान्वय गर्न तथा लक्ष्य अनुसारको आय संकलनमा देखिएका समस्या र समाधान समेतको कार्यमा सहजिकरणका लागि गाउँपालिका अध्यक्ष श्री एकराज उप्रेतीज्यूले यथाशक्य छिटो सर्वदलिय बैठक बोलाई छलफल गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रको साविक मनहरी र हाँडीखोला गाविसमा एक एक वटा चालू आ.ब.मा २ वटा वाल उद्यान प्रति उद्यान रु. २ लाख कार्यालयले ब्यहोर्ने गरी निर्माण गर्ने सो कार्यका लागि आवश्यक रकम मिति २०७८/०७/१६ गते बसेको कार्यपालिका बैठकको निर्णय नं.६ विविधको ट(४)मा विनियोजित बजेटबाट आगामी कार्यपालिका बैठकबाट निर्णय भए बमोजिक स्थान तोक्ने गरी खर्च गर्ने निर्णय गरियो । मिति २०७८/०९/२७ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. २० मा रु.२०३००।०० पालिका स्तरिय वालमैत्री पुस्तकालय तथा वाल उद्यान र हेल्प डेक्समा विनियोजित शिर्षकबाट खर्च लेख्ने गरि गरिएको रकम गाउँपालिका चालू तर्फको विपद् ब्यवस्थापन कोषबाट सोधभर्ना खर्च लेख्ने निर्णय गरियो ।

३.प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागले यस गाउँपालिकामा कार्यरत एम.आई.एस. अप्रेटर र फिल्ड सहायकहरुलाई निजहरुको कार्य नसकिएकाले निरन्तरता दिन

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रतिवद्ता माग गरेको सन्दर्भमा संघीय सरकारबाट प्राप्त हुने चालू खर्चमा गाउँपालिकाले थप रकम व्यहोर्ने गरि कार्यक्रम संचालनको निरन्तरताका लागि सिफारिस गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ४ स्थित शिवशक्ति ईन्फ्रा डेभलपर्स प्रा.लि.का संचालक लक्ष्मी प्रसाद पाठकले मकवानपुर जिल्ला अदालतमा २०७८-CP-०५९४ को करार बमोजिमको रकम क्षतिपुर्ति दिलाई पाउँ भनि यस मनहरी गाउँपालिकाको कार्यालय, गाउँसभा तर्फबाट उक्त मुद्दामा प्रतिउत्तर पत्र तयार गरी मुद्दामा प्रतिपाद गर्ने, तारेख लिन र कानून ब्यवसायी मुकरर गर्ने काम गर्न यस गाउँपालिका कार्यालयको कार्यपालिका सदस्य श्री राधा देवी खकुराल पाठकलाई अख्तियारी दिने र मुद्दामा प्रतिउत्तर पत्र तयार गर्ने र पुर्पक्ष गर्न कानून ब्यवसायी नियुक्त गरी सो वापत लाग्ने खर्च समेत गाउँपालिकाबाट उपयुक्त शिर्षकबाट व्यहोर्ने ।

उक्त मुद्दा गाउँपालिकाको मूल आय श्रोत संग सम्वन्धित रहेको र यसको प्रतिरक्षा अति आवश्यक भएकाले सो मुद्दामा गाउँपालिका तर्फबाट जुटाउनु पर्ने र भएका प्रमाणहरुलाई समयमै ब्यवस्थित रुपमा तयार गरि पेश गर्न राजश्व परामर्श समितिका संयोजकज्यूको संयोजकत्वमा देहायको समिति वनाई जिम्मेवारी दिने निर्णय समेत गरियो ।

| | | |
|---|---|---|
| १.संयोजक | उपाध्यक्ष | श्री मनिला विष्ट |
| २. सदस्य | ७ नं. वडा अध्यक्ष | श्री ठाकुरराम तितुङ |
| ३. सदस्य | २ नं. वडा अध्यक्ष | श्री आनन्द घलान |

४. सदस्य सचिव ठेक्का प्रकृया शुरु गर्दाका बखतको राजस्व शाखा प्रमुख

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडा कार्यालयको प.सं. २०७८/०७८ स्था. ४८८ च.नं.१८२७/१७६३८ मिति २०७८/१०/०२ को पत्रानुसार मिति २०७५/१२/२१ मा विभिन्न ७ वटा कार्यक्रमको नक्कली सूचनाका आधारमा २४ लाख ६० हजार खर्च गरेको सम्वन्धी परेको उजुरीको विषयमा बैठकमा जानकारी भयो । पत्रासार नारी हित आपसी विकास संस्थालाई विना प्रतिस्पर्धा एवम् कानूनी प्रकृया नपुर्याई कार्यक्रम संचालन भएको र सो सम्वन्धमा आवश्यक कारवाहीका लागि पठाईएको सम्वन्धमा यस अघिका कार्यपालिका बैठकले गरेका निर्णयहरु प्रचलित कानून प्रतिकूल भएको हकमा बदर गर्ने तथा उक्त उजूरी सम्बद्ध कार्यक्रम संचालन तथा सत्य तथ्य अध्ययन गरी उपलब्धि, प्रभावकारिता, कार्यक्रम सञ्चालनका विधि र प्रकृयाका सम्बन्धमा अध्ययन गरी आयोगले उल्लेख गरे बमोजिम कारबाही लगायतका विषयमा सिफारिस गर्न प्रतिवेदन तयारी गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. वडा नं. ५ का वडा अध्यक्ष श्री शुभराज थिङ

२. वडा नं. ७ का वडा अध्यक्ष श्री ठाकुरराम तितुङ

३. वडा नं. ४ का वडा अध्यक्ष श्री ध्रुव खड्का

४. सदस्य सचिव श्री दिपेशकुमार महतो आलेप शाखा

उपरोक्त प्रस्ताव तथा निर्णयहरु सर्वसम्मत रुपमा पारित गरि बैठक सम्पन्न गरियो ।